गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश
शुभाघाट, सुर्खेत

पत्र संख्या: २०७९-०८०  च.न.: 2014  मिति: २०७९-११-०२

---

आगामी आर्थिक बर्ष २०८०-०८१ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धि सूचना।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ ( दोस्रो संशोधन २०७८ सहित ) को दफा १८ को आधारमा आगामी आ.ब. २०८०-०८१ मा यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित महिला, आदिबासी, जनजाती, दलित , सीमान्तकृत समुदाय तथा बिपन्न बर्गका बेरोजगार व्यक्तिहरुले यही फाल्गुन मसान्त ( २०७९-११-३० ) सम्म आफुले स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन् तपसिलको कागजात सहितको अनुसूची १ बमोजिमको ढाँचामा निबेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**न्यूनतम रोजगारमा संलग्न आवश्यक मापदण्ड :**

१. एक आर्थिक बर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको।
२. एक आर्थिक बर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एक सय दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको।
३. १८ देखि ५९ बर्ष उमेर समुहको।
४. पूर्ण विवरण सहित रितपूर्वक निबेदन दिई कार्यक्रममा सहभागी हुन् इच्छुक रहेको।

**आवश्यक कागजातहरु :**

१. नागरिकताको प्रतिलिपि एक थान।
२. पासपोर्ट साइजको फोटो एक प्रति।
३. परिवारको सबै सदस्यहरुको नागरिकताको प्रतिलिपि १-१ प्रति।
४. बिवाह दर्ताको प्रतिलिपि / बसाईसराई प्रमाणपत्र ( नागरिकता जारि जिल्ला फरक भएमा )।
५. निवेदक बैदेशिक रोजगारीबाट फेर्फर्किएको वा श्रम स्वीकृत लिई बैदेशिक रोजगारीमा जान नपाएको भए सो को प्रमाण पुष्टी गर्ने प्रमाण पत्रको प्रतिलिपि।

आबेदन फारम वडा कार्यालयबाट निशुल्क प्राप्तगर्न सकिने छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट पनि प्राप्त गर्न सकिने छ।
पुनश्च : सूचिकृत भैसकेका व्यक्तिहरुले पनि नबिकरण गर्नुपर्ने भएकाले माथि उल्लेखित मिति भित्र वडा कार्यालयमा सम्पर्क गरि नयाँ फारम भर्नुपर्नेछ।
थप जानकारीको लागि रोजगार सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**बोदार्थ :** श्री, सूचना प्रबिधि साखा वेबसाइटमा अपलोड गर्नुहुन।

महेश कुमार पुरी
नि. प्रमुख प्रशासकिय अधिकृत
**नि. प्रमुख प्रशासकिय अधिकृत**

CamScanner